# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

मिति: २०८३/०३/२६

ने.सं. ११४६ तछलागा, दशमी

विषयः भुक्तानी कार्य सम्पन्न भएको सम्बन्धमा ।

यस कार्यालयबाट आ.व.२०८२/०८३ मा स्वीकृत योजना तथा कार्यक्रमहरुको लागि गरिएका सम्पूर्ण कार्यहरुको निर्धारित समयमा कार्यालय समक्ष पेश हुन आएका सम्पूर्ण कारोबारहरुको भुक्तानी कार्य सम्पन्न भएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं । यस अवधिभर सहयोग तथा मार्गदर्शन प्रदान गर्नुहुने संघीय सरकार र कर्णाली प्रदेश सरकार, नीति, योजना तथा बजेट निर्माण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू तथा सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कार्यान्वयनमा निरन्तर खटिई समयमै कार्यसम्पादन गर्नुहुने सम्पूर्ण शाखा प्रमुख लगायत राष्ट्रसेवक कर्मचारी साथीहरु, बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष संलग्न रहनुहुने संघ संस्था, उपभोक्ता समिति, निर्माण व्यवसायीहरु, विकास साझेदारहरु, नगरपालिकास्थित सरोकारवाला कार्यालयहरु, पैरवी गर्नुहुने संचारकर्मी एवम् नागरिक समाज लगायत सम्पूर्ण नगरवासी महानुभावहरुमा हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छौं । आगामी आ.व.मा समेत बजेट तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरुको सक्रिय सहभागीता, समन्वय र सहकार्यले उच्च कार्य सम्पादनमा प्रेरणा मिल्ने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छौं ।

आ.व. २०८२/०८३ को समष्टिगत प्रगति यस प्रकार रहेको छः

| क.सं | विवरण | विनियोजित बजेटको आधारमा प्रगति (प्रतिशतमा) | प्राप्त निकासाको आधारमा प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | चालु तर्फ | ७९.६७ | ९६.४९ |
| २ | पूँजीगत तर्फ | ६१.१४ | ७३.९६ |
| ३ | औषत प्रगति | ७२.७७ | ८८.०३ |

साथै, यस वर्ष आन्तरिक आय तर्फ **३८ लाख पचास हजार** अनुमान गरिएकोमा ३३ लाख ७२ हजार ७ साय २९ रुपैया ८७ पैसा संकलन भईसकेको छ । जुन कुल आन्तरिक आयको ८७.६० प्रतिशत आम्दानी भएको छ।

(भरत डि.सी.)
लेखा प्रमुख

भरत डी.सी.
लेखा प्रमुख

(विष्णु प्रसाद काफ्ले)
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद काफ्ले
प्रमुख प्रशासकीय अधिकृत